आज मिति २०७६ साल फाल्गुण १२ गते सोमबारका दिन बिहान ११:०० यस मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष श्री विदुर हुँमागाईंको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

| सिं.नं. | उपस्थिती | हस्ताक्षर |
|---|---|---|
| १ | श्री बिदुर हुँमागाईं, अध्यक्ष | |
| २ | श्री हर्कमाया रुम्बा, उपाध्यक्ष | |
| ३ | श्री आइत सिं लो, १ नं. वडा अध्यक्ष | |
| ४ | श्री बखान सिं पाखिन, २ नं. वडा अध्यक्ष | |
| ५ | श्री भागवत घिमिरे, ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री राम प्रसाद तिमल्सिना, ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री जित बहादुर घिमिरे, ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री टिका प्रसाद दाहाल, ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुर्य बहादुर रुम्बा, ७ नं. वडा अध्यक्ष | |
| १० | श्री कुमार सिं घिसिङ, ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री सुरेन्द्र सुनार, कार्यपालिका सदस्य | |
| १२ | श्री मन्जु योन्जन, कार्यपालिका सदस्य | |
| १३ | श्री चिनिमाया लुङ्वा, कार्यपालिका सदस्य | |
| १४ | श्री बुद्धिमाया बोम्जन, कार्यपालिका सदस्य, | |
| १५ | श्री पातलीमाया गोले, कार्यपालिका सदस्य | |
| १६ | श्री निर्मला विश्वकर्मा, कार्यपालिका सदस्य | |
| १७ | श्री रामकुमार पुडासैनी, प्रमुख प्रशासकिय अधिकृत | |

**विदुर हुमागाई**
**अध्यक्ष**

Scanned with CamScanner

**प्रस्तावहरु:**

१) उद्योग ग्राम छनौट सम्बन्धमा ।
२) विभिन्न योजना कार्यान्वयन सम्बन्धमा ।
३) आर्थिक सहायता सम्बन्धमा ।
४) सामाजिक सुरक्षा भत्ताको सम्बन्धमा ।
५) गाउँसभा सम्बन्धमा ।
६) सार्वजनिक सुनुवाई सम्बन्धमा ।
७) विभिन्न योजनाहरुको स्विकृती सम्वन्धमा ।
८) सामुदायिक स्वास्थ्य इकाई बजेट विनियोजन सम्बन्धमा ।
९) विद्यालय लेखा परिक्षण छनौट स्विकृती सम्बन्धमा ।
१०) विभिन्न मितिमा गाउँ शिक्षा समितिबाट भएका निर्णयहरु स्विकृती सम्वन्धमा ।
११) विजय उत्सव कार्यक्रम खर्च स्विकृती सम्वन्धमा ।
१२) गाउँपालिकास्तरीय तथा वडास्तरीय अनुगमन समिति गठन सम्वन्धमा ।
१३) विविध सम्बन्धमा ।

 क) वशंगोपाल माध्यामिक विद्यालयमा पशू विज्ञान सञ्चालन सम्वन्धी
 ख) कृषि तथा पशू प्राविधिक करारमा राख्ने सम्बन्धी ।
 ग) ~~आर्किटेक्चरल~~ सिभिल इन्जिनियर र अमिन पाँचौ तह करारमा राख्ने सम्वन्धी ।

**छलफल तथा निर्णयहरु:**

**१) औद्योगिक ग्राम छनौट सम्बन्धमा ।**

उद्योग, वन, पर्यटन तथा वातावरण मन्त्रालयको च.नं. १४२१ मिति २०७६ माघ १७ को पत्रानुसार स्थानीय तहमा उद्योग ग्राम तथा भौतिक पूर्वाधार निर्माण गर्ने कार्यक्रम भएको र स्थानीय तहले त्यस्तो स्थान (यथाशक्य वन क्षेत्रको जग्गा बाहेक) छनौट गरी उक्त मन्त्रालयमा पठाउनुपर्ने कार्यक्रम भएकोले त्यस्तो स्थानको सम्भाव्यता अध्ययन गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने प्रयोजनको लागि तपसिल बमोजिमको पदाधिकारी रहेको एक कार्यदल गठन गर्ने निर्णय सर्वसम्मतीमा गरीयो ।

| | | |
|---|---|---|
| संयोजक | : | अध्यक्ष श्री विदुर हुमागाईं |
| सदस्य | : | वडा नं. २ अध्यक्षश्री बखानसिहं पाखिन |
| सदस्य | : | वडा नं. ३ अध्यक्षश्री भागवत घिमिरे |
| सदस्य | : | वडा नं. ४ अध्यक्षश्री राम प्रसाद तिमल्सिना |

**२) विभिन्न योजनाहरुको कार्यान्वयन सम्बन्धमा ।**

चालु आर्थिक वर्षमा कायान्वयनका लागि गाउँपालिकाले विनियोजन गरेका तपसिल बमोजिमका कार्यक्रमहरुको कार्यान्वयन प्रक्रियालाई अगाडी बढाउने निर्णय गरियो ।

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

तपसिल

| सि.नं. | ब.शि.नं. | कार्यक्रमको विवरण | बजेट | कार्यान्वयनप्रक्रिया | कार्यान्वयन क्षेत्र |
|---|---|---|---|---|---|
| १ | ४३ | पि.पि.पि. साझेदारी कार्यक्रम | ३० लाख | सूचना आव्हान गर्ने, सहकारी निजि उद्योग फर्मले ४० प्रतिशत व्यहोर्नुपर्ने | वडा नं. १ देखि ८ |
| २ | ४५ | लघुउद्यम विकास कार्यक्रम | ३० लाख | सरकारी निकायहरुसँग समन्वय गरी लघुउद्यममा तालिम दिई विदेश जाने तयारी गरेका युवाहरु वा विपन्न युवाहरुलाई निश्चित प्रतिशत सम्म अनुदान दिने कार्यक्रम | वडा नं. १ देखि ८ |
| ३ | ४८ | बाँझो जग्गा तथ्याकं संकलन तथा व्यवस्थापन | ५ लाख | आर्थिक प्रस्तावना तयार, बाँझो जग्गाको तथ्याकं संकलक १ महिनाको लागि ज्यालामा राखि कार्यान्वयन | वडा नं. १ देखि ८ |
| ४ | ४९ | स्थानीय कच्चा पदार्थमा आधारीत सानातथा घरेलु उद्योग सञ्चालन | २० लाख | निश्चित प्रतिशत अनुदानमा सूचना आव्हान गरी सहकारी मार्फत कार्यक्रम कार्यान्वयन गर्ने । | वडा नं. १ देखि ८ |
| ५ | ६४ | सिप मुलक तालिम | १० लाख | आवश्यक सिपमुलक तालिमहरु छनौट गरी कार्यक्रम सञ्चालन | वडा नं. १ देखि ८ |
| ६ | १७४ | लागत सहभागिता | ३० लाख | सूचना आव्हन गरी ४० प्रतिशत अनुदानमा पशूफर्म तथा बहुउद्देश्यिय फर्म छनौट गरी कार्यक्रम कार्यान्वयन | वडा नं. १ देखि ८ |
| ७ | | घर घरमा काम हातहातमा दाम | २० लाख | वडा नं. १, ७ र ८ का असहाय अतिविपन्न परिवार छनौट गरी उन्नत नश्लको गाईको कोरली खरिद गरी वितरण गर्ने कार्यक्रम | वडा नं. १, ७ र वडा नं. ८ मा |
| ८ | | वनजन्य उद्योग विविधिकरण | ५ लाख | बुङदल सामुदायिक वन समूहलाई उद्यमका लागि दिने । | |

## ३. आर्थिक सहायता सम्बन्धमा ।

आर्थिक सहायता कार्यविधि, २०७५ बमोजिम स्वास्थ्य समस्याबाट पिडित तपसिल बमोजिमका व्यक्तिहरुलाई तपसिल बमोजिम रकम आर्थिक सहायता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | विरामीको नाम र ठेगाना | स्वास्थ्य समस्या | आर्थिक सहायता |
|---|---|---|---|

दिदुर हुनागाई
अध्यक्ष

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | सन्तोष घिमिरे वडा नं. ५ | खुट्टा ३ ठाउँमा भाँचिएको, पेट तथा मृगौलाको समस्या | ४० हजार |
| २ | जेनिशाथिङ्ग, वडा नं. | ट्युमरको समस्या, १५ महिना हस्पिटल | ३० हजार |
| ३ | राधिका स्याङ्ताङ वडा नं. २ | फोक्शोको उपचार | २० हजार |
| ४ | दिप्ती बल गढी २ | बालिकाको हेड इन्जुरी | २० हजार |

**४) सामाजिक सुरक्षाभत्ताको सम्बन्धमा ।**

सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि, २०७५ को दफा २२ बमोजिम मन्त्रालयको स्विकृती विना सामाजिक सुरक्षा हातहातै वितरण गर्न नपाउने व्यवस्था रहेको र साथै सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १७ (३) बमोजिम सामाजिक सुरक्षाभत्ता बैकिङ्ग प्रणाली मार्फतवितरण गर्नुपर्ने व्यवस्था भएको तर सोही कार्यविधिको दफा १६ (घ) मा बैकिङ्ग प्रणालीमा गैनसकेको बैंकको हकमा वडाको रोहवरमा वितरण गर्नुपर्ने व्यवस्था भएको, यस गाउँपालिकाको सबै वडामा बैंकको सुविधा भइनसकेको, भौगोलिक जटिलता रहेको र सामाजिक सुरक्षा लाभग्राही मध्य अधिकाशं जेष्ठ नागरिक र अपाङ्गहरु गाउँपालिका केन्द्रमा रहेको बैंकमा आई भत्ता लिन सक्ने अवस्था नरहेकोले हालकायम रहेको हातहातै वितरण प्रणालीलाई अझ व्यवस्थित एवं प्रभावकारी हुने गरी निरन्तरता दिने र हातहातै वितरण गर्नुपर्ने सम्बन्धमा कारण खुलाई मन्त्रालयसँग स्विकृतीका लागि अनुरोध गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**५) गाउँसभा सम्बन्धमा ।**

चालु आर्थिक वर्षमा विनियोजन गरेका विभिन्न कार्यान्वयन हुन नसक्ने योजनाहरुको संशोधनका सम्वन्धमा तथा छलफलमा रहेको ऐनका विधेयकहरु पारीत गर्ने सम्बन्धमा यसै मिति २०७६ फाल्गुण ३० गते गाउँसभाको बैठक बस्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**६) सार्वजनिक सुनुवाई सम्बन्धमा ।**

चालु आर्थिक वर्षमा भएको खर्च एवं प्रगतिका बारेमा जनतामाझ सम्प्रेषण एवं छलफलका लागि यसै मिति २०७६ फाल्गुण २३ गते सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**निर्णय नं. ७ योजनाहरुको स्विकृती सम्बन्धमा ।**

गाउँपालिकाको विभिन्न शिर्षकबाट खर्च हुने गरी श्रीमान् अध्यक्षज्यूबाट भएको तोक आदेश बमोजिम सञ्चालनमा आएका तपसिल बमोजिमका योजनाहरु आगामी गाउँसभाबाट अनुमोदन हुने गरी स्विकृत गर्ने निर्णय गरियो ।

**तपसिल**

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

**तपसिल**

| सि.नं. | योजनाको नाम | खर्च शिर्षक | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | पल्स अनुगमन तथा धितो मुल्याकंन तालिम | सहकारी क्षेत्र प्रवर्द्धन कार्यक्रम | १ लाख २५ हजार | |
| २ | व्यवसाय तालिम कार्यक्रम | सिपमुलक तालिम | ९९ हजार ८ सय | |
| ३ | हेटौडा राइडर्स क्लब | पर्यटन प्रवर्द्धन तथातालिम | ५० हजार | |
| ४ | राष्ट्रपति रनिङ्ग शिल्ड | भैपरि आउने चालु खर्च | १ लाख २५ हजार | |
| ५ | जागरण मिडिया पर्यटन प्रवर्द्धन सम्बन्धी वृत्तचित्र | पर्यटन प्रवर्द्धन र कन्टिन्जेन्सी | ३ लाख ५० हजार | |
| ६. | शिक्षक भलिवल प्रतियोगिता | विभिन्न खेलकुद सहभागिता | ४० हजार | |
| ७ | नेपाल ज्योतिष परिषद महिलाहरुको पाठेघर तथा स्तनक्यान्सर शिविर | आर्थिक सहायता | २५ हजार | |
| ८ | वडा नं. १ को सामुदायिक स्वास्थ्य इकाईमा प्रसुती सेवा लिन आउँदा उक्त वडाको साविक वडा नं. २ का सेवाग्राहीलाई प्रति सेवाग्राही ६०० का दरले भुक्तानी | अन्य भाडा शिर्षक | | |

**निर्णय नं. ८ बजेट विनियोजन सम्बन्धमा ।**

यस गाउँपालिकाको बजेट शिर्षक सामुदायिक स्वास्थ्य इकाई कर्मचारी तलब शिर्षकमा विनियोजीत रु. ३० लाख ६१ हजार रकम मध्यवाट तपसिल बमोजिमका योजनामा बजेट विनियोजन गर्ने निर्णय गरियो साथै उक्त विनियोजित रकम आगामी गाउँसभाबाट अनुमोदन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

| सि.नं | विवरण | रकमान्तरीत बजेट |
|---|---|---|
| १ | सामुदायिक स्वास्थ्यइकाई भवननिर्माण वडा नं. १ र ४ | १० लाख |
| २ | स्वास्थ्यशाखाको लागि ल्यापटप र प्रोजेक्टर खरिद | १ लाख ३० हजार |
| ३ | सुरक्षितगर्भपतनकार्यक्रम सञ्चालन वडा नं. २ र ५ को स्वास्थ्यचौकी | ६० हजार |
| ४ | दादुरा र रुवेलाकार्यक्रम सञ्चालन | ६० हजार |

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

| ५ | सामदायिक स्वास्थ्य इकाईमा कम्प्युटर र प्रिन्टर सेट २/२ खरिद | १ लाख ५० हजार |
|---|---|---|

**निर्णय नं. ९: विद्यालय लेखापरिक्षक छनौट स्विकृत सम्बन्धमा ।**

यस गाउँपालिकाले मिति २०७६ पौष १३ गते आव्हान गरेको विद्यालय लेखापरिक्षणका लागि आशयपत्र उपलब्ध गराउने सूचना बमोजिम प्राप्त हुन आएका लेखा परिक्षण गर्ने चार्टर्ड एकाउन्टेन्ट तथा रजिष्ट्रर गरिएका लेखापरिक्षक फर्महरु २० वटाले लेखा परिक्षण गर्न आशयव्यक्त गरेकाले चार्टर्ड एकाउन्टेन्ट एवं सबै फर्महरुलाई २/२ वटा विद्यालय लेखा परिक्षणको लागि अनुमति दिने तथा लेखा परिक्षकहरुको क, ख, ग र घ वर्गका आधारमा क्रमशः उच्च माध्यामिक विद्यालय, माध्यामिक विद्यालय, आधारभूत विद्यालय तथा प्राथमिक विद्यालय छनौट तपसिल बमोजिम भएकोले उक्त छनौट तथा स्विकृत भएका लेखापरिक्षक तथा विद्यालयहरु सर्वसम्मतीवाट अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

| छनौट भएका लेखा परीक्षकहरुको नामवली | | | |
|---|---|---|---|
| क्र.स. | विद्यालयको नाम | लेखा परीक्षकको नाम | फर्मको नाम |
| १ | श्रीवालज्योती प्रा.वि. गढी-6 | गोविन्दप्रसाद प्याकुरेल | गोविन्दप्रसाद प्याकुरेल एण्ड एसोसियट्स |
| २ | श्री रत्नदेवी प्राथमिक विद्यालय | राम सदय सिंह | रामसदय एण्ड कम्पनी |
| ३ | श्री बागेश्वरी प्रा.वि. गढी-8 | कृष्ण प्रसाद लामिछाने | कृष्णप्रसाद लामिछाने एशोसियट्स |
| ४ | श्री जालपादेवी मा.वि. | राम कुमार बर्तौला | आर.के.वि.एण्ड एसोसियट्स |
| ५ | श्री जिम्मर प्रा.वि. | जीत वहादुर नेगी | नेगी एण्ड एसोसियट्स |
| ६ | श्री रुपनारायण मा.वि. | तेजप्रसाद रुपाखेती | टि.पी.रुपाखेती एण्ड एसोसियट्स |
| ७ | श्री ईश्वरी प्राथमिक विद्यालय | कृष्णप्रसाद लामिछाने | कृष्णप्रसाद लामिछाने एशोसियट्स |
| ८ | श्री अमर सिंह आधारभूत विद्यालय | केशवकुमार अधिकारी | केशवकुमार अधिकारी एण्ड एसोसियट्स |
| ९ | श्री वंशगोपाल मा.वि. | विष्णुन्यौपाने | वि.पी न्यौपाने एण्ड एसोसियट्स |
| १० | श्री जनता मा.वि. | पूर्णमानश्रेष्ठ | पूर्णमान एण्ड एसोसियट्स |
| ११ | श्री नवज्योती प्राथमिक विद्यालय | गोविन्द प्रसाद प्याकुरेल | गोविन्दप्रसाद प्याकुरेल एण्ड एसोसियट्स |
| १२ | श्री मनकामना आ.वि. | तेजप्रसाद रुपाखेती | टि.पी. रुपाखेती एण्ड एसोसियट्स |
| १३ | श्री वालजागृति आ.वि. | रामसदय सिंह | रामसदय एण्ड कम्पनी |

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

| छनौट भएका लेखा परीक्षकहरुको नामवली | | | |
|---|---|---|---|
| क्र.स. | विद्यालयको नाम | लेखा परीक्षकको नाम | फर्मको नाम |
| १४ | श्री जनजागृती प्रा.वि. | राजेन्द्र प्रसाद उप्रेती | आर.पी. उप्रेती एण्ड कम्पनी |
| १५ | श्री कालीदेवी प्रा.वि. गढी-3 | तेजप्रसाद रुपाखेती | टि.पी.रुपाखेती एण्ड एसोसियट्स |
| १६ | श्री ज्वालादेवी आ.वि. | प्रकाश ढकाल | प्रकाश ढकाल एण्ड एसोसियट्स |
| १७ | श्री मञ्जुश्री प्रा.वि. | केशव कुमार अधिकारी | केशवकुमार अधिकारी एण्ड एसोसियट्स |
| १८ | श्री लेनडाडा प्रा.वि. | जीतबहादुर नेगी | जीतबहादुर नेगी एण्ड एसोसियट्स |
| १९ | श्री कालीदेवी प्रा.वि., छाप | रामकृष्ण देवकोटा | आर.देवकोटा एण्ड एसोसियट्स |
| २० | श्री शुभालाभ प्रा.वि. | भगवान ढकाल | भगवान ढकाल एण्ड एसोसियट्स |
| २१ | श्री आधारभूत शिक्षा प्रा.वि. | रामचन्द्र खनाल | खनाल आर.सि. एण्ड एसोसियट्स |
| २२ | श्री रानीसेरा आधारभूत विद्यालय | राम कुमार बतौंला | आर.के.बि.एण्ड एसोसियट्स |
| २३ | श्री उज्ज्वल प्रा.वि. | रबिन्द्र प्रसाद सिग्देल | सिग्देल एण्ड एसोसियट्स |
| २४ | श्री भानु माध्यमिक विद्यालय | किरण ढोडरी | डी.डी एसोसियट्स |
| २५ | श्री गौरीशंकर प्राथमिक विद्यालय | रामचन्द्र खनाल | खनाल आर.सि. एण्ड एसोसियट्स |
| २६ | श्रीबुद्धधर्म नि.मा.वि. | रविन्द्र प्रसाद सिग्देल | सिग्देल एसोसियट्स |
| २७ | श्री सरस्वती प्राथमिक विद्यालय | विष्णु प्रसाद न्यौपाने | वि.पी न्यौपाने एण्ड एसोसियट्स |
| २८ | श्रीजनक मा.वि. | राजेन्द्र प्रसाद उप्रेती | आर.पी. उप्रेती एण्ड कम्पनी |
| २९ | श्री आँपटार प्रा.वि. | भगवानढकाल | भगवान ढकाल एण्ड एसोसियट्स |
| ३० | श्री हेमकर्ण आ.वि. | पूर्णमान श्रेष्ठ | पूर्णमान एण्ड एसोसियट्स |
| ३१ | श्री चण्डिका मा.वि. | शरदकुमार बतौंला | बतौंला एसोसियट्स |
| ३२ | श्री सरस्वती आ. विद्यालय | शरद कुमार बतौंला | बतौंला एसोसियट्स |
| ३३ | श्री प्रतिभा प्रा.वि. | विष्णु प्रसाद पौडेल | वि.पी पौडेल एण्ड एसोसियट्स |
| ३४ | श्री ज्योती प्रा.वि. | विष्णुप्रसाद पौडेल | वि.पी पौडेल एण्ड एसोसियट्स |
| ३५ | श्री शारदा मा.वि. | किरणढोडरी | डी.डी एसोसियट्स |
| ३६ | श्री कालीदेवी प्रा.वि. गढी-6 | नेत्र बहादुर श्रेष्ठ | नेत्र श्रेष्ठ एण्ड एसोसियट्स |
| ३७ | श्री बागेश्वरी प्रा.वि. गढी-7 | नेत्र बहादुर श्रेष्ठ | नेत्र श्रेष्ठ एण्ड एसोसियट्स |

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

| छनौट भएका लेखा परीक्षकहरुको नामवली | | | |
|---|---|---|---|
| क्र.स. | विद्यालयको नाम | लेखा परीक्षकको नाम | फर्मको नाम |
| ३८ | श्री गीताधर्म आ.वि. | प्रकाश ढकाल | प्रकाश ढकाल एण्ड एसोसियट्स |
| ३९ | श्रीहिमालय प्रा.वि. | रामनारायण चौधरी | आर.एन चौधरी एण्ड एसोसियट्स |
| ४० | श्रीऋपेश्वर प्रा.वि. | रामनारायण चौधरी | आर.एन चौधरी एण्ड एसोसियट्स |

**१०) विभिन्न मितिमा गाउँ शिक्षा समितिबाट भएका निर्णयहरु स्विकृती सम्बन्धमा ।**

गाउँपालिकाको विभिन्न शैक्षिक कार्य सम्पादन गर्ने शिलसिलामा तपसिल बमोजिमको मितिमा भएका निर्णयहरु कार्यपालिकाबाट सर्वसम्मतीमा अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | मिति | मुख्य निर्णयहरु | कैफियत |
|---|---|---|---|
| १. | २०७६/५/२३ | • विद्यालय अनुगमन समिक्षा<br>• बाल दिवसको कार्यक्रम सम्वन्धमा<br>• विद्यालय नर्स सम्वन्धमा | |
| २. | २०७६/८/१७ | • शिक्षक दरवन्दी मिलान कार्यदल गठन गर्ने सम्वन्धमा<br>• थप दरवन्दी सम्वन्धमा<br>• विषयगत शिक्षक क्षमता विकास तालिम सम्वन्धमा<br>• शिक्षक काज सम्वन्धमा | |
| ३. | २०७६/१०/१४ | • अनुगमन समिक्षा सम्वन्धमा<br>• विद्यालयहरुलाई कार्यक्रम वितरण गर्ने सम्वन्धमा<br>• कक्षा ८ को परीक्षा समिति गठन गर्ने सम्वन्धमा<br>• स्यानिटरी प्याड सम्वन्धी समिति गठन गर्ने सम्वन्धमा<br>• दरवन्दी मिलान सम्वन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा | |
| ४. | २०७६/१०/२९ | • दरवन्दी मिलान सम्वन्धमा<br>• राष्ट्रपति रनिङशिल्ड कार्यक्रम सम्वन्धमा<br>• विद्यालय अनुगमन सम्वन्धमा<br>• शिक्षक काज सम्वन्धमा<br>• विविध सम्वन्धमा | |
| ५. | २०७६/११/११ | • विद्यालय कक्षा थप सम्वन्धमा<br>• शैक्षिक अवलोकन भ्रमण सम्वन्धमा<br>• शैक्षिक सुधार सम्वन्धमा<br>• विद्यालय मर्ज तथा डिग्रेडिङका लागि मापदण्ड निर्धारण गर्ने सम्वन्धमा | |

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | २०७६/०८/०३ | • शिक्षक पदस्थापन | |

## (११) विजय उत्सव कार्यक्रम खर्च स्विकृती सम्बन्धमा ।

यस गाउँपालिकाले भव्य रुपमा प्रत्येक वर्ष माघ १० मा मनाउन साल २०७५ देखि नै सुभारम्भ गरेको ऐतिहासिक मकवानपुरगढी विजय उत्सव कार्यक्रम भव्यताका साथ मनाउने शिलशिलामा यस वर्ष पनि आयोजना गरेको उक्त भव्य कार्यक्रममा भएको खर्च रकम बजेटको सम्बन्धित शिर्षकबाट लेख्ने गरी स्विकृती गर्ने निर्णय गरियो ।

## (१२) गाउँपालिकास्तरीय तथा वडास्तरीय अनुगमन समिति गठन सम्बन्धमा ।

बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) को दफा ६.२.१ मा गाउँपालिकाबाट सञ्चालित योजनाको लागत, परिमाण, समय, सिमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा अध्यक्षले तोकेको एक जना महिला सहित २ जना कार्यपालिका सदस्य, प्रमुख प्रशासकिय अधिकृत र योजना शाखा प्रमुख सदस्य-सचिव रहने समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोले उक्त समितिमा हुने पदाधिकारी देहाय बमोजिम रहने गरी गाउँपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

- गाउँपालिका उपाध्यक्ष श्री हर्कमाया रुम्बा : संयोजक
- पूर्वाधार विकास समितिका संयोजक एवं वडा नं. ६ का वडाध्यक्ष श्री टिका प्रसाद दाहाल : सदस्य
- कार्यपालिका सदस्य श्री निर्मला विश्वकर्मा : सदस्य
- प्रमुख प्रशासकिय अधिकृत : सदस्य
- योजना शाखा प्रमुख : सदस्य सचिव
- इन्जिनियर : सदस्य (आमन्त्रीत)

त्यसैगरी प्रत्येक वडाले आफ्नो वडाभित्र सञ्चालित योजनाहरुका सन्दर्भमा लागत परिमाण, समय, सिमा र गुणस्तरीयताको अनुगमन गरी पृष्ठपोषण दिनको लागि बजेट तर्जुमा दिग्दर्शनको दफा ६.२.३ मा प्रत्येक वडामा एक वडास्तरीय अनुगमन समितिको व्यवस्था गरेकोले तपसिल बमोजिमको एक वडास्तरीय अनुगमन समिति गठन गर्ने निर्णय सर्वसम्मतीमा गरीयो ।

तपसिल

- सम्वन्धित वडाको वडा अध्यक्ष : संयोजक
- वडा सदस्यहरु : सदस्य

विदुर हुमागाईं
अध्यक्ष

तपसिल

- सम्वन्धित वडाको वडा अध्यक्ष : संयोजक
- वडा सदस्यहरु : सदस्य
- वडा सचिव : सदस्य-सचिव
- वडा प्राविधिक : सदस्य (आमन्त्रीत)

**१३) विविध सम्बन्धमा ।**

विविध सम्बन्धमा तपसिल बमोजिम निर्णय गरियो ।

**क) वशंगोपाल माध्यामिक विद्यालयमा पशू विज्ञान सञ्चालन सम्बन्धी**

मकवानपुरगढी गाउँपालिका वडा नं. २ स्थित श्री वंशगोपाल माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय) ले शैक्षिक शत्र २०७६ देखि प्राविधिक धार कृषि अन्तरगत बालि विज्ञान कक्षा ९ देखि सञ्चालन गर्दै आएको र शैक्षिक शत्र २०७७ देखि पशू विज्ञान कक्षा ९-१२ देखि नै सञ्चालन गर्न पाउँ भनि निवेदन दिएको हुँदा सो मनाशिव रहेकोले उक्त विद्यालयलाई प्राविधिक धारको बालि विज्ञान सञ्चालन अनुमतिका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रालाई सिफारीस गर्ने ।

**ख) कृषि तथा पशू प्राविधिक करारमा राख्ने सम्बन्धी ।**

यस गाउँपालिकाको कृषि तथा पशू प्रवर्द्धन कार्यक्रमलाई थप व्यवस्थित एवं प्रभावकारी वनाउन कृषि तथा पशू क्षेत्रको सार्वजनिक प्रवाहलाई सुविधाजनक एवं थप स्थानीय मैत्री बनाउनका लागि हाल कार्यरत कृषि तथा पशू प्राविधिक अपुग हुने भएकोले गाउँपाकिलाको एक वडा एक कृषि तथा पशू प्राविधिक नीतिअनुरुप कृषि विकास शाखा तर्फ २ जना र पशू तथा मर्त्सविकास शाखा तर्फ ३ जना गरी थप ५ जना कृषि तथा पशू प्राविधिक करारमा लिन ७ दिने सूचना प्रकाशन गरी प्रक्रिया अगाडी बढाउने ।

**ग) ~~आर्किटेक्चरल~~ सिभिल इन्जिनियर र अमिन पाँचौ तह करारमा राख्ने सम्बन्धी ।**

यस गाउँपालिकाको घर बाटो नक्शा पास सम्बन्धी काम गर्नका लागि आर्किटेक्चरल इन्जिनियर छैटौं तह र अमिन पाँचौ तह १/१ जना करारमा राख्नका लागि कम्तिमा ७(सात) दिने सूचना आव्हान गरी प्रक्रिया अगाडी बढाउने ।

विदुर हुमागाइ
अध्यक्ष

Scanned with CamScanner